त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
# अमृत क्याम्पस
पो. ब. नं. १०२ , लैनचौर, काठमाडौं, नेपाल।
ई-मेल: amritcampus@ntc.net.np
☎ ४-४११६३७
४-४१०४०८

पत्र संख्या:-चं,नं.

मिति:-२०८३/०५/०१

## अत्यन्त जरुरी सुचना ।

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत यस अमृत क्याम्पसमा संचालनमा रहेको निम्न उल्लेखित स्नातक/स्नाकोत्तरमा वर्ष/सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुको निःशुल्क छात्रवृत्तिको फारम भर्न अमृत क्याम्पस विद्यार्थी कल्याण समितिको मिति २०८३ साउन १९ गते बसेको बैठकको निर्णय अनुसार यहि मिति २०८३ भाद्र१ गते देखि असोज २३ गते सम्म कार्यालय समय भित्र बुझाउनहुन सुचित गरीन्छ । साथै, उक्त मिति पश्चात छुट भएमा अर्को सुचना प्रकाशित गरिने छैन । आबेदन फारम क्याम्पसको Website www.ac.tu.edu.np बाट Download गर्न सकिनेछ ।

निःशुल्क छात्रवृत्तिका लागि आवश्यक कागजातहरु:

१) नगरपालिका / गा.पा. वडा कार्यालको सिफारीस पत्र ।(यस भन्दा अधिल्लो वर्ष/सेमेष्टरमा सिफारिस पत्र पेश गरेर छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले पेश गर्न नपर्ने) ।

२) आरक्षण तर्फका ५० प्रतिशत उमेदवारले अनिवार्य रुपमा कक्षा ८ देखि सरकारी वा सामुदायिम विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा ८,९ र SLC/ SEE तहको लब्धाङ्क पत्र तथा उक्त विद्यालय सरकारी सामुदायिक भएको भनि सम्वन्धित निकाय जिल्ला शिक्षा समन्वयन कार्यालय वा शिक्षा सरकारी निकायवाट प्राप्त प्रमाण पेश गर्नु पर्नेछ ।

३) खुल्ला तर्फ (५०प्रतिशत) निःशुल्क छात्रवृत्तिका लागि आवेदन दिन विद्यार्थीहरुले सरकारी सामुदायिक विद्यालवाट ८,९,SEE/SLC उर्त्तिण गरेको हुनु पर्ने छ स्नाकोत्तर कार्यक्रमका सरकारी सामुदायिक विद्यालय वाट८,९,SEE/SLC आङ्गिक वा सरकारी सामसदायिक क्याम्पस बाट स्नातक गरेको हुनुपर्नेछ ।

४) यस अधि अध्ययननरत विद्यार्थीहरुको सेमेष्टर वा वार्षिक परिक्षामा उत्तिर्ण गरेको नतिजाको (Result) प्रतिलिपि समावेश गर्नु पर्ने छ ।

५) जेहन्दार छात्तबृत्ति पाउने विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति प्रदान गरीने छैन ।

६) झुट्टा विवरण पेश गरी छात्रवृत्ति लिएको लिन खोजेको प्रमाणित भएका निजको छात्रवृत्ति रद्दगरी कानुन वमोजिम कारवाहि हुने छ ।

७) त्रि.वि नियम अनुसारको आवश्यक छात्रवृत्ति कोटा General B.Sc. तर्फ भर्ना भएको विद्यार्थी संख्याको २०प्रतिशत र आन्तरीक स्रोत तर्फ १० प्रतिशत (B.Sc. CSIT/BIT/MIT /M.Sc. Program ) विद्यार्थीहरु लाई प्रदान गरिने छ ।

८) सम्बन्धित परीक्षामा उत्तिर्ण विद्यार्थीहरुले मात्र निःशुक छात्रवृत्ति प्राप्त गर्ने हुदा सरकारी/सामुदायिक (समावेशी र खुल्ला कोटा अपुग भएमा Private School Collage मा अध्ययन गरेका विद्यार्थीहरुले पनि Merit को आधारमा निःशुल्क छात्रवृत्ति प्राप्त गर्ने हुदा उत्तिर्ण भएका विद्यार्थीहरुलाई दरखास्त फारम भर्न सुचित गरिन्छ ।

Amahat.

CamScanner

**शैक्षिक वर्ष (Academic Year/Semester)**

- General B.Sc. 2079/083 Batch, 4th Year.
- General B.Sc.2082/086 Batch, 2nd Year.
- M.Sc. (Physics, Chemistry, Botany, Zoology, MIT) Batch 2082/084 2nd Semester.
- M.Sc. (Physics, Chemistry, Botany, Zoology, MIT) Batch 2081/083 4th Semester.
- B.Sc. CSIT / .BIT 2079/083 8th Semester.
- B.Sc. CSIT / BIT 2080/084 6th Semester.
- B.Sc. CSIT / BIT 2081/086 4th Semester.
- B.Sc. CSIT / BIT 2082/086 2nd Semester.

*नोटः* विद्यार्थीहरुले अध्ययन गरेको अघिल्लो वर्ष/सेमेष्टरमा उत्तिर्ण भएको लब्धाङ्क पत्र (Marksheet) सहित निःशुल्क छात्रवृत्ति को फारम नतिजा प्रकाशित भएको एक महिना भित्रमा अथमा छात्रवृत्रि फारम भर्ने अन्तिम मिति सम्म विद्यार्थी कल्याण शाखामा सम्पर्क गरी फारम भर्नहुन जानकारी गराइन्छ। वार्षिक / सेमिष्टर परिक्षामा जेहन्दार छात्रवृत्ति पाउने विद्यार्थीहरुले नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्न हुन समेत जानकारी गराउदछौं। साथै त्रि.वि छात्रवृत्ति सम्बन्धि नियम यसै साथ संलग्न गरिएको छ ।अन्य थप जानकारीको लागि विद्यार्थी कल्याण शाखा सम्पर्क गर्न समेत जनकारी गरिन्छ ।

सह-प्रा. रवीन्द्रसिंह महत
अमृत क्याम्पस विद्यार्थी कल्याण प्रमुख, सदस्य-सचिव
अमृत क्याम्पस विद्यार्थी कल्याण समिति
अमृत क्याम्पस ठमेल,९८४१४५४२०५

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
**अमृत क्याम्पस**
पो. ब. नं. १०२ ... ौर, काठमाडौं, नेपाल।
ई-मेल: amritcampus@ntc.net.np
☎ ४-४११६३७
४-४१०४०८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस

त्रिभुवन विश्वविद्यालय

## विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## छात्रवृत्ति सम्बन्धी कार्य निर्देशिका २०७९

त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्वन्धी नियम २०५० को नियम ४६ र त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले वनाएको कार्य निर्देशिका छात्रवृत्ति र पुरस्कार तथा पदक सम्वन्धी कार्य निर्देशिका २०७१ तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थानको **विद्यापरिषद्को मिति २०७९/०३/२९ को निर्णयका आधारमा** छात्रवृत्ति सम्वन्धी कार्य निर्देशिका २०७९ वनाइएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** यो कार्य निर्देशिकाको नाम विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रि.वि. छात्रवृत्तिसम्वन्धी कार्य निर्देशिका २०७९ रहेको छ ।

२. **यो कार्य निर्देशिका तुरुन्त लागू हुनेछ ।**

**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यनिर्देशिकामा -

(क) जेहेन्दार छात्रवृत्ति भन्नाले उत्कृष्ट अङ्क प्राप्त गरेका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति भन्ने सम्झनुपर्दछ ।

(ख) निःशुल्क छात्रवृत्ति भन्नाले त्रि.वि. को नियमित शुल्क मिनाहा (त्रि.वि. रजिस्ट्रेसन शुल्क र परीक्षा शुल्कवाहेक) वा फ्रिसिप भन्ने सम्झनुपर्दछ ।

(ग) डीन कार्यालय भन्नाले विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन कार्यालय सम्झनुपर्दछ ।

(घ) दाता भन्नाले छात्रवृत्ति, पुरस्कार र मेडल स्थापना गर्ने संस्थालाई सम्झनुपर्दछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०५२

## परिच्छेद -२

# जेहेन्दार छात्रवृत्ति

**३. जेहेन्दार छात्रवृत्ति:**

(क) जेहेन्दार छात्रवृत्ति भन्नाले उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति हो ।

(ख) जेहेन्दार छात्रवृत्तिका लागि उम्मेदवार हुन निवेदन दिने विद्यार्थीले पछिल्लो परीक्षामा सम्पूर्ण विषयहरु उत्तीर्ण गरेको र पछिल्लो परीक्षामा न्युनतम कुल ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) प्रथम वर्ष/सेमेस्टरका विद्यार्थीहरुवाट जेहेन्दार विद्यार्थी छनोट गर्दा प्रवेश परीक्षामा प्राप्ताङ्कको मेरिटका आधारमा जेहेन्दार विद्यार्थी छनोट गरिनेछ । अन्य वर्ष र सेमेस्टरका हकमा अघिल्लो वर्ष वा सेमेस्टरको अन्तिम परीक्षाको नतिजाका आधारमा जेहेन्दार विद्यार्थी छनौट गरिनेछ । अङ्क वरावर भएमा दामासाहीले छात्रवृत्ति प्रदान गरिनेछ ।

(घ) छात्रा र छात्रका लागि एक-एक कोटा छुट्याइनेछ । छात्राले छात्रको कोटा र छात्रले छात्राको कोटामा निवेदन दिन पाउने छैनन् । कन्या क्याम्पस वा छात्रा मात्र भर्ना भएका विषय वा तहमा दुवै कोटा छात्रालाई प्रदान गरिनेछ ।

(ङ) दाताले प्रदान गर्ने छात्रवृत्ति वा सम्वन्धित क्याम्पसहरुवाट आफ्नो आन्तरिक स्रोतवाट सञ्चालन भइरहेका र पछि सञ्चालन हुने कार्यक्रममा प्रदान गरिने जेहेन्दार छात्रवृत्ति क्याम्पसले व्यवस्था गरे अनुसार सञ्चालन हुनेछ । तर उक्त छात्रवृत्तिको रकम यसै परिच्छेदको ४(घ) ले व्यवस्था गरेभन्दा कम हुनेछैन ।

**४. आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल (नियमित कार्यक्रम) तर्फ**

(क) केन्द्रीय विभाग/स्कुलहरुमा प्रत्येक सेमेस्टरका लागि १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । क्याम्पस /केन्द्रीय विभाग/स्कुल अन्तर्गत पठनपाठन हुने स्नातक/स्नातकोत्तर तहको हकमा छुट्टाछुट्टै प्रवेश परीक्षा भई सञ्चालन भएका कार्यक्रमहरुलाई छुट्टाछुट्टै विषयहरु मानी छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) क्याम्पसहरुमा स्नातकोत्तर तहमा प्रत्येक वर्ष /सेमेस्टरका लागि विषयगत हिसावले १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ ।

(ग) स्नातक तहका लागि यस अध्ययन संस्थानका छुट्टाछुट्टै कार्यक्रमका लागि तहगत हिसावले प्रथम, द्वितीय, तृतीय र चतुर्थ गरी प्रत्येक वर्षका विद्यार्थीमध्ये १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ ।

(घ) जेहेन्दार विद्यार्थीलाई प्रति महिना स्नातकोत्तर तहमा रु २,०००।- र स्नातक तहमा रु १५,००।- भन्दा कम नहुने गरी प्रदान गरिनेछ ।



CamScanner

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस
पो. ब. नं. १०२, ठमेल, लैनचौर, काठमाडौं, नेपाल।
ई-मेल: amritcampus@ntc.net.np
☎ ४-४११६३७
४-४१०४०८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस

**५. आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल (आन्तरिक स्रोत) तर्फ**

(क) केन्द्रीय विभाग/स्कुलहरुमा सेमेस्टरका लागि १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(ख) क्याम्पसमा स्नातकोत्तर तहमा प्रत्येक वर्ष/सेमेस्टरका लागि विषयगत हिसावले १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(ग) स्नातक तहका लागि यस अध्ययन संस्थानका छुट्टाछुट्टै कार्यक्रमका लागि तहगत हिसावले प्रत्येक वर्ष/सेमेस्टरका विद्यार्थीमध्ये १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(घ) केन्द्रीय विभाग/स्कुल अन्तर्गत पठनपाठन हुने स्नातकोत्तर/स्नातक तहको हकमा छुट्टाछुट्टै प्रवेश परीक्षा भई सञ्चालन भएका कार्यक्रमहरुलाई छुट्टाछुट्टै विषयहरु मानी जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(ङ) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीवाट त्रि.वि. शुल्क (परीक्षा शुल्क, रजिस्ट्रेसन शुल्क) बाहेक कुल शुल्कमा ५ प्रतिशत मात्र शुल्क लिन सकिनेछ।

**६. सम्बन्धन प्राप्त क्याम्पस/कलेज (सामुदायिक तथा निजी)**

(क) स्नातकोत्तर तहमा प्रत्येक वर्ष/सेमेस्टरका लागि विषयगत हिसावले १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(ख) स्नातक तहका लागि यस अध्ययन संस्थानका छुट्टाछुट्टै कार्यक्रमका लागि तहगत हिसावले प्रत्येक वर्ष/सेमेस्टरका विद्यार्थीमध्ये १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ।

(ग) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीवाट त्रि.वि. शुल्क (परीक्षा शुल्क, सेवा शुल्क, रजिस्ट्रेसन शुल्क) बाहेक कुल शुल्कको ५ प्रतिशतभन्दा वढी शुल्क क्याम्पस/कलेजले लिन पाउनेछैन।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

परिच्छेद -३

## नि:शुल्क छात्रवृत्ति

७. **नि:शुल्क छात्रवृत्ति (Free Ship)**

(क) निशुल्क छात्रवृत्ति भन्नाले त्रि.वि.को नियमित र शुल्क तिरी भर्ना हुने विद्यार्थीहरुमध्ये एस.एल.सी./एसईई सरकारी सामुदायिक विद्यालयहरुमा अध्ययन गरेका विद्यार्थीहरुले आवेदन गर्न सकिने छात्रवृत्ति हो ।

(ख) नि:शुल्क छात्रवृत्ति पाउने सङ्ख्यालाई शत प्रतिशत गणना गर्दा त्यसको पचास प्रतिशत खुला र पचास प्रतिशत आरक्षण कोटामा राखिनेछ ।

(अ) **खुला तर्फ (५० प्रतिशत)** – निशुल्क छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीले सरकारी सामुदायिक विद्यालयवाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको हुनुपर्नेछ । स्नातकोत्तर कार्यक्रमका लागि सरकारी सामुदायिक विद्यालयवाट एस.एल.सी. गरी आङ्गिक वा सामुदायिक क्याम्पसवाट स्नातक गरेको हुनुपर्नेछ ।

(आ) **आरक्षणतर्फ (५० प्रतिशत)** – महिला, जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएका क्षेत्र, मुस्लिम, थारु र अन्य सहिद परिवार, जनआन्दोलन घाइते विद्यार्थीहरुका लागि नि:शुल्क छात्रवृत्ति मेरिटका आधारमा प्रदान गरिनेछ । यस्तो छात्रवृत्तिका लागि पनि खुला तर्फके सर्तहरु लागू हुनेछ । आरक्षणकोटालाई सतप्रतिशत गणना गरी सोभित्रका समूहहरुको कोटा देहाय वमोजिम हुनेछ:

| | |
|---|---|
| महिला: | २० प्रतिशत (३ प्रतिशत दलित महिलालाई र २ प्रतिशत मुस्लिम महिलालाई) |
| जनजाति: | १६ प्रतिशत |
| मधेशी: | १४ प्रतिशत (३ प्रतिशत मधेसी दलित महिलालाई) |
| दलित: | ९ प्रतिशत |
| अपाङ्ग: | ९ प्रतिशत |
| पिछडिएको क्षेत्र: | ७ प्रतिशत |
| मुस्लिम: | ७ प्रतिशत |
| थारु: | १० प्रतिशत |
| अन्य: | ८ प्रतिशत |
| जम्मा | १०० प्रतिशत |

द्रष्टव्य – कुनै आवेदकले खुल्ला सहित एकभन्दा वढी आरक्षण कोटामा आवेदन दिएमा माथि दिइएको विभिन्न आरक्षित कोटाको क्रमानुसार माथिल्लो कोटालाई प्रथम र त्यसभन्दा तल्लो कोटाहरुको प्राथमिकता घट्दो क्रममा राखी खुल्लालाई अन्तिम प्राथमिकतामा राखेर छात्रवृत्ति सूचीमा नाम प्रकाशन गरिनेछ । जस्तै कुनै आवेदकले खुल्लासहित महिला तथा जनजाति दुवै कोटामा आवेदन गरेको खण्डमा निजको महिला कोटामा स्वत: प्रथम प्राथमिकता तथा त्यसपछि जनजाति कोटामा प्राथमिकता हुनेछ । ततपश्चात् मात्र निजको खुल्ला तर्फ प्राथमिकता हुनेछ ।

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस
पो. ब. नं. १०२, ठमेल, लैनचौर, काठमाडौं, नेपाल।
ई-मेल: amritcampus@ntc.net.np
☎ ४-४११६३७
४-४१०४०८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस

(ग) आरक्षित कोटामा आवेदन दिने आवेदकहरुबाट उक्त कोटाहरु नभरिएको खण्डमा खुल्ला आवेदकहरुको नाम छात्रवृत्ति सूचीमा प्रकाशित गरिनेछ।

(घ) निशुल्क छात्रवृत्ति पाउने सङ्ख्या (कोटा) नभरिएको खण्डमा मेरिट अनुसार विनासर्त छात्रवृत्ति कोटाको रिक्त कोटामा छात्रवृत्ति दिनुपर्नेछ।

(ङ) आरक्षण कोटामा छात्रवृत्ति लिन चाहने आवेदनकहरुले निम्नानुसार कागजातहरु अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

(अ) उमेद्वारले अनिवार्य रुपमा कक्षा ८ देखि सरकारी सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ। यसको प्रमाण स्वरुप कक्षा ८, कक्षा ९, एस.एल.सी./एसईई तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी सामुदायिक विद्यालय भएको भनी सर्म्बान्धित जिल्ला शिक्षा कार्यालय वा शिक्षासम्बन्धी सर्म्बान्धित सरकारी निकायबाट प्राप्त प्रमाण पेस गर्नुपर्नेछ।

(आ) समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा छात्रवृत्तिका लागि आवेदकहरुमध्ये **अपाङ्ग**ले राष्ट्रिय अपाङ्ग महासङ्घ वा सम्बिन्धित जिल्ला प्रशासन कार्यालयबाट

**आदिवासी जनजाति**ले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सर्म्बान्धित जिल्ला प्रशासन कार्यालयबाट

**दलित**ले राष्ट्रिय दलित आयोग वा सर्म्बान्धित जिल्ला प्रशासन कार्यालयबाट

**पिछडिएको दुर्गम क्षेत्र**का व्यक्तिले सर्म्बान्धित गाउँपालिका तथा नगरपालिकाबाट

**मधेसी** समुदाय, **थारु** समुदाय तथा **मुस्लिम** समुदायका व्यक्तिले सर्म्बान्धित जिल्ला प्रशासन कार्यालयबाट सोको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

(इ) अन्य भन्नाले सहिद परिवार (छोरा/छोरी) बुझिन्छ। यसको प्रमाण सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट हुनुपर्नेछ।

(च) आरक्षण अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले झुठो विवरण पेस गरी आरक्षण सुविधा लिएको प्रमाणित भएमा निजको छात्रवृत्ति रद्द गरी कानुन बमोजिम कारवाही हुनेछ।

(छ) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछैन।

(ज) त्रिभुवन विश्वविद्यालय शिक्षक/कर्मचारीको सेवा अवधिभरिमा बढीमा २ जना छोराछोरीलाई नियमित कार्यक्रममा शिक्षण शुल्क मिनाहा दिइनेछ।

(झ) भर्नाको समयमा शुल्क लिइनेछ तर वर्ष/सत्रान्त परीक्षा फाराम भर्नुपूर्व नि:शुल्क छात्रवृत्ति पाउने विद्यार्थीलाई तिरेको शुल्क एकमुष्ट फिर्ता गरिनेछ।

(ञ) तहगत वा विषयगत हिसावले विद्यार्थी भर्ना सङ्ख्याको प्रतिशतको सङ्ख्या गणना गर्दा ०.५ भन्दा कम भएमा शुन्य र ०.५ र सोभन्दा माथि १ भन्दा तलको अङ्कलाई १ मानी गणना गरिनेछ ।

(ट) पहिलो वर्ष वा सेमेस्टरमा निशुल्क छात्रवृत्ति पाएको विद्यार्थीले नै अरु वर्ष वा सेमेस्टरमा पनि छात्रवृत्ति पाउनेछ । यदि उक्त विद्यार्थी अनुतीर्ण भएमा वा पढाइ छाडेमा वा स्थानान्तरण भई अन्य क्याम्पसमा गएमा उसको ठाउँमा अघिल्लो वर्ष वा सेमेस्टरको अन्तिम परीक्षाको नतिजाको आरक्षण कोटा, खुल्ला र मेरिट वेसिसको नियमानुसार छात्रवृत्ति प्रदान गरिनेछ ।

८. **आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल (नियमित) तर्फ**

(क) केन्द्रीय विभाग/स्कुलहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये १५ प्रतिशत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) स्नातकोत्तर तह वर्ष /सेमेस्टर प्रत्येकमा विषयगत हिसावले अध्ययनरत विद्यार्थीहरुमध्येवाट विद्यार्थी सङ्ख्याको १५ प्रतिशत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(ग) स्नातक तह प्रथम, द्वितीय, तृतीय र चतुर्थ प्रत्येक वर्षका लागि विद्यार्थी सङ्ख्याको २० प्रतिशतका हिसावले नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

९. **आङ्गिक क्याम्पस/केन्द्रीय विभाग/ स्कुल (आन्तरिक स्रोत) तर्फ**

(क) तोकिएको शुल्क तिरी केन्द्रीय विभाग/स्कुलहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये १० प्रतिशत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) तोकिएको शुल्क तिरी क्याम्पसहरुमा स्नातकोत्तर तह वर्ष / सेमेस्टर प्रत्येकमा विषयगत हिसावले अध्ययनरत विद्यार्थीहरुमध्येवाट विद्यार्थी सङ्ख्याको १० प्रतिशत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(ग) तोकिएको शुल्क तिरी क्याम्पसहरुमा स्नातक तह प्रत्येक वर्ष/सेमेस्टरका लागि विद्यार्थी सङ्ख्याको १० प्रतिशतका हिसावले नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(घ) निशुल्क छात्रवृत्ति पाउने विद्यार्थीले शिक्षण शुल्क वापत तिरेको रकम मात्र केन्द्रीय विभाग/क्याम्पस/स्कुलवाट फिर्ता पाउनेछन् ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०६५

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस
पो. ब. नं. १०२, ठमेल, लैनचौर, काठमाडौं, नेपाल।
ई-मेलः amritcampus@ntc.net.np
☎ ४-४११६३७
४-४१०४०८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
अमृत क्याम्पस

१०. **सम्वन्धनप्राप्त क्याम्पस/कलेज (सामुदायिक तथा निजी)**

(ख) शुल्क तिरी स्नातकोत्तर तह प्रत्येक वर्ष/सेमेस्टरमा विषयगत हिसावले अध्ययनरत विद्यार्थीहरु मध्येवाट विद्यार्थी सङ्ख्याको १० प्रतिशत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(ग) शुल्क तिरी स्नातक तह प्रत्येक वर्ष/सेमेस्टरका लागि विद्यार्थी सङ्ख्याको १० प्रतिशतका हिसावले नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

(घ) निशुल्क छात्रवृत्ति पाउने विद्यार्थीवाट त्रि.वि. शुल्क (परीक्षा शुल्क, रजिस्ट्रेसन शुल्क, सेवा शुल्क) वाहेक कुल शुल्कको ७ प्रतिशत भन्दा वढी रकम क्याम्पस/कलेजले लिन पाउने छैन ।

## परिच्छेद - ४
## विविध

११. **दाताहरुबाट प्रदान गरिने छात्रवृत्ति**

त्रि.वि.का आङ्गिक क्याम्पस तथा केन्द्रीय विभागहरुमा सञ्चालन भएका यस अध्ययन संस्थान अन्तर्गतका कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीलाई दाताहरुले छात्रवृत्ति प्रदान गर्न चाहेको खण्डमा सम्वन्धित क्याम्पस तथा केन्द्रीय विभाग र दातावीच भएको सम्झौता एवं सर्तनामा अनुसार सम्वन्धित क्याम्पस तथा केन्द्रीय विभागहरुले व्यवस्था गर्नेछन् ।

१२. **दृष्टिविहीन विद्यार्थी छात्रवृत्ति**

यस अध्ययन संस्थान अन्तर्गत अध्ययन गर्ने दृष्टिविहिन विद्यार्थीलाई एक शैक्षिक वर्षमा वढीमा तीन जनालाई नेपाल नेत्रहीन सङ्घको सिफारिसमा छात्रवृत्ति प्रदान गरिनेछ । यो छात्रवृत्ति एक वर्षका लागि हुनेछ र छात्रवृत्ति स्वरूप मासिक रु १५,०० एक हजार पाँच सय मात्र) प्रति विद्यार्थी उपलव्ध गाराइनेछ (त्रि.वि. कार्यकारी परिषद्को मिति २०६१ को निर्णय नं ७१ ९ अनुसार) ।

१३. कुनै पनि छात्रवृत्ति प्राप्त विद्यार्थी अर्को क्याम्पस स्थानान्तरण भएमा उसले पाएको छात्रवृत्ति कायम हुनेछैन ।

१४. नियमित शुल्कमा भर्ना भएका विद्यार्थी सोही कोटाको रिक्त हुन आएको स्थानमा स्थानान्तरण भएमा मात्र निजको नियमित शुल्क कायम हुनेछ ।

१५. निर्धारित विद्यार्थी सङ्ख्या (कोटा) खाली नभई कुनै पनि क्याम्पसले अर्को क्याम्पसवाट विद्यार्थी स्थानान्तरण लिन पाउनेछैन ।

१६. आरक्षण तर्फको छात्रवृत्ति प्राप्त गर्न नेपाल सरकारले तोकेको निकायवाट सोका लागि आवश्यक प्रमाण पेस गर्नुपर्नेछ ।



CamScanner

१७. विद्यार्थी भर्ना भएको तीन महिना भित्र जेहेन्दार छात्रवृत्ति र निःशुल्क छात्रवृत्तिको पूर्ण विवरण प्रमाणित कागजातसहित विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालयमा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

१८. स्नातक तहका लागि शैक्षिक सत्र २०७८/०७९ देखि प्रथम सेमेस्टरको जेहेन्दार कोटामा पर्ने विद्यार्थीको नाम डीन कार्यालयले पठाउनेछ र निशुल्क छात्रवृत्ति कलेज आफैले नियमानुसार विद्यार्थी छनौट गरी विवरण डीन कार्यालयलाई पठाउनुपर्नेछ। छात्रवृत्ति वितरणको विवरण सबै कलेजले आआफ्नो वेवपेजमा समेत राख्नुपर्नेछ। यदि यसमा कुनै अनियमितता भएको पाइएमा डीन कार्यालयलाई उजुरी दिन सकिनेछ।

१९. यस कार्यानिर्देशिका २०७८/०७९ शैक्षिक सत्रदेखि स्नातक/स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुमा लागू हुनेछ। यो शैक्षिक सत्र अघि भर्ना भएका विद्यार्थीहरुको हकमा पूर्व व्यवस्था नै कायम रहनेछ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५